**आकाशवाणी**

August 20th, 2025 Wednesday

**प्रमुख समाचार**

- भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, २०२५ संसदमा पारित
- अनलाइन गेमिङ प्रवर्द्धन र नियमन विधेयक लोकसभामा पेश
- राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका सी.पी. राधाकृष्णनद्वारा उपराष्ट्रपति पदका लागि मनोनयन दर्ता
- विदेश मन्त्री एस. जयशंकरले आज मस्कोमा रूससँगको अन्तर-सरकारी आयोगको सह-अध्यक्षता गर्नुहुने
- अनि कोलकातामा डुरान्ड कप फुटबलको सेमिफाइनलमा, पूर्वी बंगालले डायमंड हार्बर एफसीको सामना गर्ने

RS – IIM Bill

संसदले भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, २०२५ पारित गरेको छ। राज्यसभाले आज यसलाई मञ्जुर गरेको हो। विधेयकमाथिको छलफलको जवाफ दिँदै, केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले भन्नुभयो, नरेन्द्र मोदी सरकार नयाँ संस्थानहरू सिर्जना गर्न र देशका विद्यार्थीहरूलाई अवसर प्रदान गर्न प्रतिबद्ध छ। उहाँले भन्नुभयो, सरकारले भारतीय व्यवस्थापन संस्थानहरूलाई राष्ट्रिय महत्वको संस्थानको दर्जा दिएको छ। श्री प्रधानले विधेयक प्रस्तुत गर्दै यस विधेयकले भारतीय व्यवस्थापन संस्थान ऐन, २०१७ लाई थप संशोधन गर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, विधेयकले देशको पूर्वोत्तर क्षेत्रको एक महत्त्वपूर्ण केन्द्र असमको गुवाहाटीमा भारतीय व्यवस्थापन संस्थान स्थापना गर्ने प्रस्ताव राखेको छ। उहाँले हाल देशमा २१ वटा आईआईएमहरू कार्यरत रहेको र ती शिक्षा क्षेत्रमा एक ब्रान्ड बनेको प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, विधेयकको प्रावधान अन्तर्गत, आईआईएम गुवाहाटीमा ५५५ करोड रुपैयाँको कोष प्राप्त हुनेछ र यस संस्थानमा यसै शैक्षिक वर्षबाट भर्ना सुरु हुनेछ। श्री प्रधानले भन्नुभयो…

Aswini Vaishnav – Online Gaming

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णोवले आज लोकसभामा अनलाइन गेमिङ प्रवर्द्धन तथा नियमन विधेयक-२०२५ पेश गर्नुभयो। यसको उद्देश्य ई-खेलकुद र अनलाइन सामाजिक खेलहरूलाई प्रवर्द्धन गर्नु र तिनीहरूसँग सम्बन्धित खतरनाक अनलाइन गेमिङ सेवाहरू, विज्ञापन र वित्तीय लेनदेनहरूमा प्रतिबन्ध लगाउनु हो। उहाँले थप भन्नुभयो....

3. LS – J & K Bill

गृहमन्त्री अमित शाहले लोकसभामा जम्मू कश्मीर पुनर्गठन (संशोधन) विधेयक पेश गर्नुभयो । यसको उद्देश्य राज्य पुनर्गठन ऐन, २०१९ लाई संशोधन गर्नु हो। श्री शाहले १३० औं संवैधानिक संशोधन विधेयक र केन्द्र शासित प्रदेश सरकार (संशोधन) विधेयक पनि पेश गर्नुभयो।

बिहारमा मतदाता सूचीको विशेष गहन संशोधन सहित विभिन्न मुद्दाहरूमा विपक्षी सदस्यहरूले गरेको होहल्लाका कारण संसदका दुवै सदन आज दिनभरका लागि स्थगित गरियो।

PM – CP Radhakrishnan

प्रधानमन्त्री नरेन्द्र मोदीले एनडीएका उपराष्ट्रपति पदका उम्मेदवार सीपी राधाकृष्णन एक उत्कृष्ट उपराष्ट्रपति बन्ने विश्वास व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले भन्नुभएको छ, एनडीए परिवार श्री राधाकृष्णनले एक उत्कृष्ट उपराष्ट्रपतिको रूपमा राष्ट्रिय प्रगतितर्फको आफ्नो यात्रालाई समृद्ध बनाउने कुरामा विश्वस्त छ।

Jaishankar - Russia

विदेशमन्त्री डा. एस. जयशंकरले प्रमुख रूसी विद्वानहरू र वैचारिक समूहका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्नुभएको छ। सामाजिक सञ्जालमा उहाँले बैठकको क्रममा भारत-रूस सम्बन्ध, समकालीन विश्व भूराजनीति र भारतको दृष्टिकोणमा छलफल भएको उल्लेख गर्नुभएको छ। डा. जयशंकरले आज व्यापार, आर्थिक, वैज्ञानिक, प्राविधिक र सांस्कृतिक सहयोग सम्बन्धी भारत-रूस अन्तर-सरकारी आयोगको २६ औं सत्रको सह-अध्यक्षता गर्नु हुनेछ। उहाँले मस्कोमा भारत-रूस व्यापार मञ्चको बैठकलाई पनि सम्बोधन गर्नु हुनेछ।

Chattisgarh – Surrender

छत्तीसगढमा १० महिला सहित २९ माओवादीले आत्मसमर्पण गरेका छन्। उनीहरूमाथि लगभग ५५ लाख रुपैयाँको इनाम घोषणा गरिएको थियो। राज्य सरकारको पुनर्स्थापना नीति अन्तर्गत, प्रत्येक आत्मसमर्पण गर्ने माओवादीलाई ५०,००० रुपैयाँको प्रोत्साहन रकम प्रदान गरिन्छ। सरकारले उनीहरूलाई सीप विकास तालिम र कृषि जग्गा प्रदान गर्नेछ।

EPFO-Payroll Data

कर्मचारी भविष्य निधि संगठन-EPFO को यस वर्षको जून महिनाको रेकर्ड अनुसार, २१ लाख ८९ हजार सदस्यहरू थपिएका छन्। यो अहिलेसम्मकै उच्च संख्या हो।

Rekha Gupta – Assault

दिल्ली प्रहरीले मुख्यमन्त्री रेखा गुप्तामाथि उहाँको निवासमा आक्रमण गर्ने अभियुक्तलाई हिरासतमा लिएको छ। भारतीय जनता पार्टीले यस आक्रमणको निन्दा गरेको  छ। उल्लेख्य, आज बिहान सार्वजनिक सुनुवाइको क्रममा एक व्यक्तिले उहाँमाथि आक्रमण गरेको थियो।

NHRC - Odisha

राष्ट्रिय मानव अधिकार आयोगले हालै ओडिशामा  भएको आत्मदाह घटनालाई लिएर ओडिशाका प्रहरी महानिदेशकलाई सूचना जारी गरेको छ। आयोगले प्रहरी महानिदेशकलाई दुई हप्ता भित्र यस विषयमा विस्तृत प्रतिवेदन पेश गर्न भनेको छ। आयोगले एक विज्ञप्तिमा भनेको छ, ओडिशाको केन्द्रपाडा जिल्लामा आत्मदाहका कारण १९ वर्षीया युवतीको कथित मृत्युको बारेमा स्वतः संज्ञान लिएको छ।

Afganistan – Accident

अफगानिस्तानको हेरात प्रान्तमा सडक दुर्घटना हुँदा ७९ जनाको मृत्यु भएको छ। हेरात शहरलाई इरानसँग जोड्ने राजमार्गमा हिजो राति यात्रुवाहक बस मोटरसाइकल र मिनी ट्रकसँग ठोक्किँदा दुर्घटना भएको अधिकारीहरूले बताएका छन्। मिडिया रिपोर्टका अनुसार पीडितहरूमध्ये धेरै महिला र बालबालिका इरानबाट फर्किरहेका अफगानी शरणार्थी थिए।

Sports News

अब खेल प्रसंगः १३४ औं डुरान्ड कप फुटबल प्रतियोगिताको दोस्रो सेमिफाइनलमा, पूर्वी बंगालले आज कोलकातामा डायमंड हार्बर एफसीको सामना गर्नेछ। अर्कोतर्फ, यस प्रतियोगितामा पहिलो पटक खेलिरहेको डायमंड हार्बर एफसीले मोहम्मद स्पोर्टिङ र जमशेदपुर एफसीलाई हराएर पहिले नै चर्चा बटुल्न सफल भइसकेको छ।

Hockey

हक्की इन्डियाले एसिया कपका लागि १८ सदस्यीय टोलीको घोषणा गरेको छ। एसिया कप २९ अगस्टदेखि ७ सेप्टेम्बरसम्म बिहारमा आयोजना हुनेछ। हरमनप्रीत सिंह कप्तान हुनेछन्। यसमा भारतलाई जापान, चीन र काजाकिस्तानसँगै पूल ए मा राखिएको छ। भारतको पहिलो खेल २९ अगस्टमा चीनसँग हुनेछ। यो प्रतियोगिता FIH हक्की विश्वकप बेल्जियम-नेदरल्याण्ड्स २०२६ को लागि छनोट प्रतियोगिता हो।

**प्रमुख समाचार पुन: एकपटक**

१. भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, २०२५ संसदमा पारित

२. अनलाइन गेमिङ प्रवर्द्धन र नियमन विधेयक लोकसभामा पेश

३. राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका सी.पी. राधाकृष्णनद्वारा उपराष्ट्रपति पदका लागि मनोनयन दर्ता

४. विदेश मन्त्री एस. जयशंकरले आज मस्कोमा रूससँगको अन्तर-सरकारी आयोगको सह-अध्यक्षता गर्नुहुने

५. अनि कोलकातामा डुरान्ड कप फुटबलको सेमिफाइनलमा, पूर्वी बंगालले डायमंड हार्बर एफसीको सामना गर्ने